# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं फागुन ९ गते २०३४ साल [ संख्या ४४

श्री ५ को सरकार

**स्वास्थ्य मन्त्रालयको**

**सूचना**

अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३४

अस्पताल विकास समिति (गठन) आदेश, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. अस्पताल विकास समिति (गठन) आदेश, २०३० को दफा १ मा संशोधन : अस्पताल विकास समिति (गठन) आदेश, २०३० को दफा १ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छ :–

"(२) यो आदेश काठमाडौं, भक्तपुर र ललितपुर बाहेक अन्य जिल्लाको पचास शैया वा सोभन्दा बढी शैया भएको सरकारी अस्पतालमा लागू हुनेछ।"

आज्ञाले–
तारादेव भट्टराई
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२२

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना

काठमाडौं, भक्तपुर र ललितपुर अस्पताल विकास (गठन) आदेश, २०३४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "काठमाडौं, भक्तपुर र ललित अस्पताल विकास समिति (गठन) आदेश, २०३४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले काठमाडौं, भक्तपुर र ललितपुरमा रहेको अनुसूचीमा तोकिएका अस्पतालहरूको विकास तथा विस्तारको निमित्त श्री ५ को सरकारबाट स्वीकृत परियोजना सम्झनुपर्छ ।

३. समितिको गठन : (१) परियोजना संचालन गर्नको लागि काठमाडौं, भक्तपुर र ललितपुर अस्पताल बिकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) सचिव, स्वास्थ्य मन्त्रालय– अध्यक्ष

(ख) अञ्चलाधीश, वाग्मती अञ्चल– सदस्य

(ग) महानिर्देशक, स्वास्थ्य सेवा विभाग– सदस्य

(घ) श्री ५ को सरकारले मनोनीत गरेको दुई जनादेखि चार जनासम्म प्रतिष्ठित व्यक्तिहरू– सदस्य

(ङ) परियोजनाअन्तर्गतका अस्पताल काउन्सिलहरूका अध्यक्षहरू– सदस्य

(च) काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला पञ्चायतका सभापतिहरूमध्ये १ जना– सदस्य

(छ) काठमाडौं, भक्तपुर र ललितपुर नगर पञ्चायतका प्रधान पञ्चहरूमध्ये १ जना– सदस्य

(ज) श्री ५ को सरकारले तोकेको स्वास्थ्य सेवाको राज–पत्राँकित प्रथम श्रेणीको एकजना अधिकृत– सदस्य–सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप–दफा २ को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि बढीमा तीन वर्षको हुनेछ ।

तर श्री ५ को सरकारले चाहेमा निजहरूलाई पुनः मनोनीत गर्न वा पदावधि बाँकी छँदै पनि हटाउन सक्नेछ ।

(४) उप–दफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यहरू दुवै एक जिल्लाको नहुने गरी आ–आफ्नो जिल्लाको नामको वर्णानुक्रमानुसार आलो पालो गरी एक एक वर्षको अवधिको लागि समितिको सदस्य रहनेछन् ।

उदाहरणको लागि

पहिलो वर्ष काठमाडौं जिल्ला पञ्चायतको सभापति र भक्तपुर नगर पञ्चायतको प्रधान पञ्च, दोस्रो वर्ष भक्तपुर जिल्ला पञ्चायतको सभापति र ललितपुर नगर पञ्चायतको प्रधान पञ्च र तेस्रो वर्ष ललितपुर जिल्ला पञ्चायतको सभापति र काठमाडौं नगर पञ्चायतको प्रधान पञ्च ।

(५) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(६) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा मिशन अस्पताल लगायत अरू कुनै अस्पतालको प्रतिनिधि समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको बैठक र कार्यविधि : (१) समितिको बैठक कम्तीमा दुई महीनामा एक पटक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्यहरू उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) अध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन पाउनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार : (१) बिभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सास्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई परियोजनाअन्तर्गतको अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

826

(२) उप–दफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ ।

(क) अस्पतालको बिस्तार, निर्माण र मर्मत गर्ने,

(ख) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने,

(ग) अस्पतालको लागि कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,

(घ) श्री ५ को सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी प्राविधिकलाई करार सेवामा नियुक्ति गर्ने,

(ङ) परियोजनाको कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने,

(च) परियोजनाअन्तर्गतका बाहेक अन्य अस्पतालसंग पारस्परिक सहयोग र समन्वय कायम गर्ने,

(छ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्था वा विदेशी सरकार वा संस्थाबाट सहायता प्राप्त गर्ने,

(ज) एक अस्पतालको कुनै अंगलाई अर्को अस्पतालमा सार्ने वा गाभ्ने,

(झ) स्वास्थ्य तालीम कार्यक्रम संचालन गर्ने,

(ञ) श्री ५ को सरकारको स्वीकृति लिई बहिरंग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क दर निर्धारण गर्ने,

(ट) श्री ५ को सरकारको स्वीकृति लिई निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यस्तो शुल्कको दर निर्धारण गर्ने,

(ठ) अस्पतालहरूको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने,

(ड) उपरोक्त कामहरूको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

६. समितिको कोष: समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम

(ग) अस्पतालले प्रदान गरेको सेवाबाट आर्जन गरेको रकम,

(घ) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

तर श्री ५ को सरकारबाट कुनै खास कार्यक्रम वा कामको निमित्त प्राप्त भएको रकम सोही कार्यक्रम वा काममा खर्च गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. लेखा र लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच गर्न वा जँचाउन सक्नेछ ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्था : (१) परियोजनाअन्तरगतका अस्पतालमा काम गरिरहेका श्री ५ को सरकारका प्राविधिक र प्रशासनिक कर्मचारीलाई समितिबाट तलब खुवाउने गरी श्री ५ को सरकारले तद्तद् अस्पतालमा काम गर्न काज खटाउनेछ ।

(२) उप-दफा (१) बमोजिम काजमा खटाइएका र पछि खटाइने प्राविधिक तथा प्रशासकीय कर्मचारीहरूको पद दरबन्दीलाई स्वास्थ्य मन्त्रालयको पद दरबन्दीमा राखिनेछ ।

(३) कुनै अस्पतालमा काजमा रहेका प्राविधिक वा प्रशासकीय कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई सूचना दिई गर्नु पर्नेछ ।

(४) श्री ५ को सरकारको सेवामा रही समितिमा काज खटिएका प्राविधिक तथा प्रशासकीय कर्मचारीहरूको सरुवा बढुवा तलव भत्ता तथा अन्य सुविधा र विभागीय कारवाई तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ । सो बाहेक परियोजनाअन्तर्गतका अस्पतालमा काजमा छउन्जेल त्यसरी काजमा खटिएका कर्मचारीहरू समितिका कर्मचारीहरू सरह नै हुनेछन् ।

(५) उप-दफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारका सेवामा रही समितिमा काज खटिएका कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे बापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

तर यसरी विशेष भत्ता दिंदा समितिको कोषको रकममध्ये दफा ६ को खण्ड (ग) बमोजिम आर्जन गरेको रकमबाट मात्र दिन सकिनेछ ।

(६) उप-दफा (१) बमोजिम समितिमा काजमा नियुक्त गरिएका कर्मचारीलाई सरुवा गर्नुपरेमा, फिर्ता गर्नुपरेमा वा विभागीय कारवाई गर्नुपरेमा समितिले सो कर्मचारी उपर कुनै आरोप भए सो र सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो र आरोप नभए अरू कुनै कारण र आधार भए स्पष्ट खुलाई श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिले अस्पतालमा नयाँ प्राविधिक वा प्रशासकीय पद श्रृजना गर्नुपरेमा वा भएको पद खारेज गर्नुपरेमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार समितिको कुनै सदस्य, सदस्यहरूको उप–समिति, समितिमा काजमा नियुक्त भएको कर्मचारी वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. अनुसूचीमा थपघट गर्न सकिने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा तोकिएको अस्पतालहरूको सूचीमा थपघट गर्न सक्नेछ ।

११. नियमहरू बनाउन सक्ने : समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१३. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकाभित्र समितिले तोकेको कुनै ठाउँमा रहनेछ ।

१४. बचाउ : यो आदेश प्रारम्भ हुनुभन्दा अघि अनुसूचीमा तोकिएको अस्पतालहरूको निमित्त अस्पताल विकास समिति (गठन) आदेश, २०३० अन्तर्गत गठित अस्पताल विकास समितिहरूको चल तथा अचल सम्पत्ति समितिलाई हस्तान्तरण गरिएको छ र उक्त अस्पताल विकास समितिहरूसित भएको ठेक्का–पट्टा तथा करारहरू समितिसित भए गरेको मानिनेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

( दफा २ संग सम्बन्धित )

## परियोजनाअन्तर्गतका अस्पतालहरूको सूची

| क.सं. | अस्पतालको नाम |
|---|---|
| १. | वीर अस्पताल |
| २. | कान्ती बाल अस्पताल |
| ३. | श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह |
| ४. | सरुवा रोग अस्पताल |
| ५. | मानसिक रोग अस्पताल |
| ६. | भक्तपुर अस्पताल |
| ७. | ललितपुर अस्पताल |
| ८. | कालिमाटी चेष्ट अस्पताल |

आज्ञाले–
तारादेव भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।